धनगढी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

प.सं. :- २०८१।०८२
च.नं. :-

मिति :

## विषय : शिक्षक आवश्यकतासम्बन्धि सूचना ।
**(प्रथम पटक प्रकाशित मिति २०८२।०२।११ गते आइतबार)**

यस उपमहानगरपालिका अन्तर्गतको श्री शिवगंगा आधारभूत विद्यालय, धनगढी-१५, उर्मामा रिक्त भएको निम्नमाध्यमिक तह सामाजिक विषयको राहत करार शिक्षक पदमा शिक्षकको करार पदपूर्तिका लागि धनगढी उपमहानगरपालिकाको नगर शिक्षा ऐन, २०८१ को दफा १७ को उपदफा (३) बमोजिम शिक्षक सेवा आयोगको करार सूचीबाट करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले शिक्षक सेवा आयोगको **सुदूरपश्चिम प्रदेशको** निम्नमाध्यमिक तहको सामाजिक विषयको करार सूचीमा रही उमेर हद ननाघेका ईच्छुक व्यक्तिहरुले उपमहानगरपालिकाको वेबसाइट **https://dhangadhimun.gov.np** वा फेसबुक पेज **शिक्षा, युवा तथा खेलकुद महाशाखा, धनगढी उपमहानगरपालिका** वा कार्यालयबाटै दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भरेर सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद महशाखामा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचनाको म्यादभित्र तोकिएको विज्ञापनमा दरखास्त नपरेमा वा एक मात्रै दरखास्त परी दरखास्त दिने उम्मेदवारले सिफारिस नबुझेमा वा सिफारिस बुझेर पनि विद्यालयमा नियुक्तिका लागि नगएमा वा नियुक्ति लिएर पनि हाजिर नभएमा यस उपमहानगरपालिकाको सामाजिक विषयको शिक्षकको प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरुमध्येबाट योग्यताक्रमका आधारमा सिफारिस गरी पठाइने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

**१. राहत करार शिक्षक कोटाको विज्ञापन नं., तह, प्रकार, विषय र मागपद संख्या :**

| विज्ञापन नं. | तह | प्रकार | विषय | माग पद संख्या |
|---|---|---|---|---|
| ३९।२०८१।०८२ | निम्नमाध्यमिक | राहत करार | सामाजिक | १ (एक) |

**२. पारिश्रमिक तथा अन्य सुविधा :** सम्बन्धित तह र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरे बमोजिम ।

**३. दरखास्त दस्तुर :** उपमहानगरपालिकाको कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नु पर्नेछ ।

(क) निम्नमाध्यमिक तहका लागि रु. ७००।– (रु. सात सय मात्र)

**४. दरखास्त दिने अन्तिम मिति :** मिति २०८२ जेठ २५ गते आइतबार कार्यालय समयभित्र (दोब्बर दस्तुरको व्यवस्था गरिएको छैन) ।

**५. संलग्न गर्नुपर्ने कागजातहरु :**

(क) तोकिएको ढाँचाको दरखास्त फाराम ।
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
(ग) सम्बन्धित तहको लागि आवश्यक स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।
(घ) शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपीहरु ।
(ङ) शिक्षक सेवा आयोगको परीक्षाको प्रवेश पत्रको प्रमाणित प्रतिलिपी ।
(च) शिक्षक सेवा आयोगको सुदूरपश्चिम प्रदेशको निम्नमाध्यमिक तह सामाजिक विषयको करार सूचिमा नाम समावेश भएको करार सूचीको प्रमाणित प्रतिलिपि ।